नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, असार २९ गते २०६५ साल (अतिरिक्ताङ्क १०

भाग १

नेपाल सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा बसेको संविधानसभाको बैठकबाट पारित भएको तल लेखिए बमोजिमको नेपालको अन्तरिम संविधान (पाँचौं संशोधन), २०६५ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको अन्तरिम संविधान, २०६३ को पाँचौं संशोधन

प्रस्तावना : नेपालको अन्तरिम संविधान, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो संशोधन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "नेपालको अन्तरिम संविधान (पाँचौं संशोधन), २०६५" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा संशोधन : नेपालको अन्तरिम संविधान, २०६३ (यसपछि "संविधान" भनिएको) को धारा ३३ को खण्ड (द) पछि देहायको खण्ड (द१) थपिएको छ :-

"(द१) ऐतिहासिक जनआन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरी सम्वत् २०६३ साल कार्तिक २२ गते सहमति कायम गर्ने प्रमुख राजनैतिक दलहरु तथा संविधान सभामा प्रतिनिधित्व गर्ने अन्य राजनैतिक दलहरु समेतसँग सहमति, समझदारी र सहकार्य गरी मुलुकका प्रमुख राजनीतिक समस्याहरुको समाधान गर्ने संस्कृति विकास गर्ने,"

३. संविधानको धारा ३६ख. मा संशोधन : संविधानको धारा ३६ख.को सट्टा देहायको धारा ३६ख. राखिएको छ :-

"३६ख. राष्ट्रपतिको निर्वाचन : (१) राजनैतिक सहमतिका आधारमा राष्ट्रपतिको निर्वाचन संविधान सभाले गर्नेछ ।

292

(२) उपधारा (१) बमोजिम सहमति कायम हुन नसकेमा संविधान सभामा तत्काल कायम रहेका सम्पूर्ण

सदस्य संख्याको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएको मानिनेछ ।

(३) राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य कार्यविधि संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।"

४. संविधानको धारा ३६छ. मा संशोधन : संविधानको धारा ३६छ. को उपधारा (२) पछि देहायको उपधारा (३) थपिएको छ :-

"(३) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।"

५. संविधानको धारा ३६झ. मा संशोधन : संविधानको धारा ३६झ. को उपधारा (१) मा रहेका "योग्यता तथा निर्वाचन प्रक्रिया" भन्ने शब्दहरुको सट्टा "योग्यता, निर्वाचन प्रक्रिया तथा पदावधि" भन्ने शब्दहरु राखिएका छन् ।

६. संविधानको धारा ३६ट. मा संशोधन : संविधानको धारा ३६ट. को सट्टा देहायको धारा ३६ट. राखिएको छ :-

"३६ट. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय : (१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि छुट्टाछुट्टै कार्यालय रहनेछ ।

(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारबाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन सम्बन्धी अन्य कुराहरु नेपाल सरकारले व्यवस्था गर्नेछ ।"

293

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. संविधानको धारा ३८ मा संशोधन : संविधानको धारा ३८ को,-

(१) उपधारा (१) मा रहेको स्पष्टीकरण झिकिएको छ ।

(२) उपधारा (२) मा रहेका "दुई तिहाई सदस्यको" भन्ने शब्दहरुको सट्टा "तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको" भन्ने शब्दहरु राखिएका छन् ।

८. संविधानको धारा ५१ मा संशोधन : संविधानको धारा ५१ को,-

(१) उपधारा (१) मा रहेका "प्रधानमन्त्रीले पहिलो पटक र त्यसपछि" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपधारा (२) मा रहेका "सभामुखको परामर्शमा प्रधानमन्त्रीले" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा" भन्ने शब्दहरु राखिएका छन् ।

९. संविधानको धारा ५५क. मा संशोधन : संविधानको धारा ५५क. को उपधारा (३) मा रहेका "कम्तीमा दुइ तिहाई" भन्ने शब्दहरु झिकिएका छन् ।

१०. संविधानको धारा ५७क. मा संशोधन : संविधानको धारा ५७क. को सट्टा देहायको धारा ५७क. राखिएको छ :-

"५७क. विपक्षी दल : (१) व्यवस्थापिका-संसदमा विपक्षी दल र त्यसको नेता रहनेछ ।

(२) विपक्षी दलको नेताको पारिश्रमिक तथा अन्य सुविधा कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।"

११. संविधानको धारा ६३ मा संशोधन : संविधानको धारा ६३ को उपधारा (७) पछि देहायको उपधारा (७क) थपिएको छ :-

२९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७क) उपधारा (३) बमोजिम निर्वाचित वा मनोनीत सदस्यको स्थान कुनै कारणले रिक्त भएमा त्यस्तो स्थान जुन प्रक्रियाद्वारा निर्वाचित वा मनोनीत भएको हो सोही प्रक्रियाद्वारा प्रचलित कानून बमोजिम पूर्ति गरिनेछ ।"

१२. संविधानको धारा ७१ मा संशोधन : संविधानको धारा ७१ को,-

(१) उपधारा (१) मा रहेका "आफ्ना सदस्यहरुमध्येबाट" भन्ने शब्दहरुको सट्टा "आफ्ना सदस्यहरुमध्येबाट राजनीतिक सहमतिको आधारमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपधारा (१) पछि देहायको उपधारा (१क) थपिएको छ :-

"(१क) उपधारा (१) बमोजिमको सहमति कायम हुन नसकेमा संविधान सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमत प्राप्त गर्ने संविधान सभाको सदस्य संविधान सभाको अध्यक्ष वा उपाध्यक्ष पदमा निर्वाचित भएको मानिनेछ ।"

(३) उपधारा (२) मा रहेका "उपधारा (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपधारा (१) वा उपधारा (१क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

१३. संविधानको धारा ७४ मा संशोधन : संविधानको धारा ७४ को सट्टा देहायको धारा ७४ राखिएको छ :-

"७४. सदस्यको स्थान रिक्त रहेको अवस्थामा संविधान सभाको कार्य सञ्चालन : (१) संविधान सभाको कुनै सदस्यको स्थान रिक्त रहे पनि संविधान सभाले आफ्नो कार्य सम्पादन गर्न सक्नेछ र अयोग्यताको कारण संविधान सभाको कुनै काम कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको काम कारबाही अमान्य हुने छैन ।

255

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संविधान सभाको सदस्य नरहेको भए पनि मन्त्री, राज्यमन्त्री, सहायकमन्त्रीले संविधान सभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित हुन सक्नेछ ।

तर निजलाई मतदान गर्ने अधिकार हुने छैन ।"

१४. संविधानमा धारा ९६क. थप : संविधानको धारा ९६ पछि देहायको धारा ९६क. थपिएको छ :-

"९६क. राजस्व र व्यय सम्बन्धी विशेष व्यवस्था : (१) य[illegible] भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चालू आर्थिक वर्षको अन्त्यसम्ममा आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान व्यवस्थापिका-संसद समक्ष पेश हुन नसक्ने विशेष परिस्थिति उत्पन्न भएमा चालू आर्थिक वर्षको आर्थिक ऐन बमोजिम राजस्व सङ्कलन गर्न सकिनेछ ।

(२) उपधारा (१) बमोजिमको परिस्थिति उत्पन्न भएमा अर्थ मन्त्रीले त्यसको कारण खुलाई चालू आर्थिक वर्षको कुल व्ययको एक तृतीयांशमा नबढ्ने गरी आगामी आर्थिक वर्षको लागि खर्च गर्ने अधिकारको विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

(४) यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपधारा (२) बमोजिम व्यवस्थापिका-संसद समक्ष पेश भएको विधेयक सो विधेयक पेश भएको दिनमा नै छलफल प्रारम्भ गरी पारित गर्न सकिनेछ ।"

296

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. संविधानको धारा ११३ मा संशोधन : संविधानको धारा ११३ को उपधारा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा मनोनीत गरेको एकजना कानूनविद् - सदस्य"

१६. संविधानको धारा १३८ मा संशोधन : संविधानको धारा १३८ को,-

(१) उपधारा (१) पछि देहायको उपधारा (१क) थपिएको छ :-

"(१क) मधेशी जनता लगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । प्रदेशहरु स्वायत्त र अधिकारसम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरुको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरुको पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँड संविधान सभाबाट निर्धारण गरिनेछ ।"

(२) उपधारा (२) मा रहेका "उपधारा (१) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपधारा (१) र (१क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

१७. संविधानको धारा १३९ मा संशोधन : संविधानको धारा १३९ को,-

(१) उपधारा (१) मा रहेका "निकायको व्यवस्था गरिनेछ ।" भन्ने शब्दहरुको सट्टा "निकायको निर्वाचन गरिनेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

297

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपधारा (२) को सट्टा देहायको उपधारा (२) राखिएको छ :-

"(२) स्थानीय निकायको निर्वाचन नभएसम्मका लागि स्थानीय तहमा क्रियाशील राजनैतिक दलहरुको सहमति र सहभागिताका आधारमा नेपाल सरकारद्वारा जिल्ला, नगर र गाउँ स्तरमा अन्तरिम स्थानीय निकाय गठन गरिनेछ ।

स्पष्टीकरण : यस उपधाराको प्रयोजनको लागि "स्थानीय तहमा क्रियाशील राजनैतिके दल" भन्नाले संविधान सभामा प्रतिनिधित्व भएका र सो सभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत सम्बन्धित जिल्लामा उम्मेदवारी दिएका राजनैतिक दललाई सम्झनु पर्छ ।"

१८. संविधानको धारा १४४ मा संशोधन : संविधानको धारा १४४ को उपधारा (४) पछि देहायको उपधारा (४क) थपिएको छ :-

"(४क) नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समावेशी बनाउन मधेशी, आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्र लगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।"

१९. संविधानको धारा १४५ मा संशोधन : संविधानको धारा १४५ को उपधारा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) मन्त्रिपरिषद्मा रहेका राजनैतिक दलहरुमध्ये फरक-फरक दलको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले तोकेका तीनजना मन्त्री - सदस्य

२५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर मन्त्रिपरिषद्मा तीनभन्दा कम राजनैतिक दलको प्रतिनिधित्व भएको अवस्थामा सोभन्दा कम राजनैतिक दलको प्रतिनिधित्व गर्ने गरी तोक्न बाधा पुगेको मानिने छैन ।"

२०. संविधानको धारा १४६ मा संशोधन : संविधानको धारा १४६ मा रहेका "मन्त्रिपरिषद्ले विशेष समिति" भन्ने शब्दहरुको सट्टा "संविधान सभामा प्रतिनिधित्व गरेका प्रमुख राजनैतिक दलहरुको प्रतिनिधित्व हुने गरी मन्त्रिपरिषद्ले विशेष समिति" भन्ने शब्दहरु राखिएका छन् ।

२१. संविधानको धारा १४९ मा संशोधन : संविधानको धारा १४९ को उपधारा (१) को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) मन्त्रिपरिषद्मा रहेका राजनैतिक दलहरुमध्ये फरक-फरक दलको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले तोकेका तीनजना मन्त्री - सदस्य

तर मन्त्रिपरिषद्मा तीनभन्दा कम राजनैतिक दलको प्रतिनिधित्व भएको अवस्थामा सोभन्दा कम राजनैतिक दलको प्रतिनिधित्व गर्ने गरी तोक्न बाधा पुगेको मानिने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) व्यवस्थापिका-संसदमा विपक्षी दलका नेता - सदस्य"

२२. संविधानको धारा १५८ मा संशोधन : संविधानको धारा १५८ मा रहेका "मन्त्रिपरिषद्ले यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा" भन्ने शब्दहरुको सट्टा "यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिसमा" भन्ने शब्दहरु राखिएका छन् र "वा संविधान सभाबाट" भन्ने शब्दहरु झिकिएका छन् ।

२३. संविधानको अनुसूची-१क. मा संशोधन : संविधानको अनुसूची-१क. मा रहेका "पदीय गोपनीयता कायम राखी इमान्दारीताका साथ गर्नेछु" भन्ने शब्दहरुको सट्टा "इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।" भन्ने शब्दहरु राखिएका छन् ।

२४. खारेजी : संविधानको धारा ४५, ४६, ४७, ४८, ४९, ५० र अनुसूची-२ खारेज गरिएका छन् ।

प्रमाणीकरण मितिः २०६५।३।२९

आज्ञाले,
डा.कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५ ।-
गो.हु.द.नं. १६।०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।